गाउँ सभाको मिति २०७६ असार १० गते मंगलबारको बैठकमा
उपाध्यक्ष श्री तारादेवी रिमालले प्रस्तुत गर्नु भएको
आर्थिक वर्ष २०७६/७७ का
राजश्व र व्ययको अनुमान

# बजेट वक्तब्य

तारकेश्वर गाउँपालिका
नुवाकोट जिल्ला
३ नं. प्रदेश, नुवाकोट
१० असार २०७६

सभाध्यक्ष महोदय,
गाउँसभाका सदस्यहरु, सभाका सचिव लगायत कर्मचारी मित्रहरु,
उपस्थित सम्पूर्ण, गाउँसभा सदस्य महानुभावहरु ।

नेपालको संविधानले सुनिश्चित गरेका प्रावधानहरुलाई व्यवहारतः रुपान्तरण गर्ने क्रममा स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ । सघींय शासन व्यवस्थाको मर्म अनुरुपको राजनीतिक, आर्थिक, सामाजिक तथा वित्तीय स्वायत्तता सहितको स्थानीय तहको शासन सञ्चालन गर्न गाउँ कार्यपालिका तथा गाउँ सभाको गठन भएको हो । सार्वभौमसत्ता सम्पन्न यस गाउँपालिकाका जनताहरुबाट राज्य शक्तिको प्रयोग गर्ने वैधानिकता प्राप्त भएको यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु ।

संघीयताको कार्यान्वयन यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकार सम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ । हामीले संघीयता कार्यान्वयनको शिलशिलामा गरेका कार्यानुभवले धेरै हौसला प्रदान गरेको छ । हामीलाई यो अवस्था सम्म ल्याउने प्रमुख वैधानिक आधार नेपालको संविधान निर्माण तथा कार्यान्वयनमा प्रत्यक्ष एवं परोक्ष ढंगले भूमिका खेल्नुहुने सबैलाई धन्यबाद दिन चाहन्छु । नेपाली जनतालाई अधिकार सम्पन्न बनाउने आफ्नो सपनालाई बिपनामा साकार बनाउने दौडानमा हाम्रो देशमा भएको जनक्रान्तीहरु, २००७ देखी २०६२/६३ को आन्दोलनहरुमा शहादत प्राप्त गर्नुहने सम्पुर्ण शहीदहरु प्रति म भाबपुर्ण श्रद्धाञ्जी अर्पण गर्न चाहन्छु ।

**अध्यक्ष महोदय,**
**उपस्थित सम्पुर्ण महानुभावहरु,**

अव म आगामी आ.व. २०७६/७७ मा संचालन गरिने प्रमुख कार्यक्रमहरु र विनियोजित बजेट विवरण यस गरिमामय सभामा प्रस्ताव गर्ने अनुमति चाहन्छु ।

अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को आय व्ययको विवरण प्रस्तुत गर्न गईरहेको छु ।

१. तारकेश्वर गाँउपालिकाले प्रस्तावित वजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलतः नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकार सुची, आर्थिक अधिकार र आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, आर्थिक सामाजिक विकास, साधन श्रोतको उपयोग नीति, अर्थ मन्त्रालयल र संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयबाट प्राप्त मार्गदर्शन, सहभागितामूलक योजना छनौट पद्धति, विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजकि संरक्षण, दीगो विकास, जलवायु परिवर्तन, विपद व्यवस्थापन, लैगिंक सशक्तिकरण तथा समावेशी विकास समेतलाई आधार मानी यस सभामा प्रस्तुत भएको आ.व.२०७६।७७ को नीति तथा कार्यक्रमद्वारा निर्देशित आ.व. २०७६।७७ को बजेट गाउँकार्यपालिकाबाट स्वीकृत गरी यो गरिमामय गाउँसभामा प्रस्तुत गरेको छु ।

**आय तर्फ**

२. आ.व.२०७६।७७ मा यस गाउँपालिकामा संघिय सरकारबाट वित्तीय समानीकरण तर्फ रकम ७ करोड २४ लाख, सशर्त अनुदान तर्फ रकम १० करोड ८० लाख, संघीय राजश्व बाँडफाँड बाट ५ करोड ५० लाख प्राप्त हुने अनुमान गरिएको छ ।

प्रदेश सरकारबाट वित्तीय समानीकरण तर्फ रकम ९९ लाख १९ हजार, सशर्त अनुदान तर्फ रकम १ करोड १७ लाख ६६ हजार, राजश्व बाँडफाँड (सवारी साधन कर) बाट रकम १ करोड १३ लाख २६ हजार प्राप्त हुने अनुमान गरिएको छ ।

आन्तरिक आय तर्फ रकम १ करोड ५० लाख राजस्व संकलन हुने अनुमान गरिएको छ, जस मध्ये प्राकृतिक श्रोतवाट प्राप्त आम्दानी १ करोड तथा अन्य आम्दानी ५० लाख संकलन हुने अनुमान गरिएको छ । साथै यस चालु आ.व. को मौज्दात रकम ४ करोड र सामाजिक सुरक्षा अनुदान रकम ३ करोड ५० लाख गरी चालु आ.व. २०७६।७७ को कुल बजेट रकम  ३५ करोड ८४ लाख ११ हजार प्रस्ताव गरेको छु ।

**व्यय तर्फ**

३. कुल बजेट मध्ये गाउँ कार्यपालिकाको चालु खर्च ४ करोड ४० लाख तथा पुँजिगत खर्च १५ करोड ९६ लाख ४५ हजार गरी जम्मा रकम २० करोड ३६ लाख ३५ हजार विनियोजन गरिएको छ ।

४. पुँजिगत खर्च तर्फ विनियोजित रकम १५ करोड ९६ लाख ४५ हजार मध्ये समपुरक कोषमा २ करोड, क्रमागत योजनाहरुमा २ करोड, फर्निचर तथा फिक्चर खरिदका लागि ३० लाख, सवारी साधन खरिदका लागि ६० लाख र मेसिनरी तथा औजार खरिदका लागि १६ लाख ३५ हजार विनियोजन गरेको छु ।

५. संघीय सरकारबाट प्राप्त शसर्त अनुदान तर्फको रकम १० करोड ८० लाख, प्रदेश सरकारबाट प्राप्त शशर्त अनुदान तर्फको रकम १ करोड १७ लाख ६६ हजार र सामाजिक सुरक्षा अनुदान तर्फको रकम ३ करोड ५० लाख तोकिएकै शीर्षकवाट खर्च गरिने छ ।

६. आगामि आ.व. ०७६।७७ मा विषयगत क्षेत्रहरुमा निम्नानुसार बजेट विनियोजन गरिएको छ ।

आर्थिक विकास (कृषि, पशु, पर्यटन, सहकारी क्षेत्र आदि) तर्फ रकम ८० लाख विनियोजन गरिएको छ ।

सामाजिक विकास (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रबर्द्धन र सामाजिक समावेशीकरण आदि) तर्फ रकम २ करोड ३७ लाख विनियोजन गरिएको छ ।

पूर्वाधार विकास (सडक, पुल, सिंचाई, भवन, उर्जा आदि) तर्फ रकम ७ करोड ४० लाख विनियोजन गरिएको छ ।

वातावरण तथा विपद व्यवस्थापन (बन तथा भु-संरक्षण, जलाधार संरक्षण, फोहरमैला व्यवस्थापन, ल्यान्डफिल साइड, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन कोष )तर्फ रकम २४ लाख विनियोजन गरिएको छ ।

सुशासन तथा संस्थागत विकास तथा सेवा प्रवाह (मानव संशधान विकास, संस्थागत क्षमता विकास, सर्वजनिक सुनुवाइ तथा सामाजिक परिक्षण) तर्फ रकम ९ लाख विनियोजन गरिएको छ ।

**सभाध्यक्ष ज्यू,**
**उपस्थित महानुभावहरु,**

यसरी आ.ब. ०७६।७७ को नीति तथा कार्यक्रम र बजेट बनाउन सहयोग पुऱ्याउनुहुने गाँउ सभा, गाँउ कार्यपालिका, वडा समितिका पदाधिकारी ज्यूहरु, राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति लगायत सम्पूर्ण विषयगत समितिका पदाधिकारी ज्यूहरु, बस्ती स्तरीय भेलादेखि सहभागी भई आयोजना कार्यक्रम छनौटमा प्रत्यक्ष र परोक्ष रुपले सक्रिय जनसमुदाय, बजेट निर्माण प्रक्रियामा अहोरात्र खटिरहनु भएका कर्मचारी वर्ग लगायत बजेट निर्माण प्रक्रियामा सहभागी हुनुहुने एवं अमुल्य सहयोग, सद्भाव, सल्लाह दिनुहुने सम्पुर्णप्रति हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद ।